**प्रारम्भिक बाल विकास शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८०**

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः

स्थानीय सरकार

पुथा उत्तरगङ्गा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

तकसेरा, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल





स्थानीय सरकार

पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा तकसेरा, रुकुम(पूर्वी भाग)



पुथा उत्तरगङ्गा गाउँपालिकाभित्र विद्यालयमा सञ्चालित तथा समुदायमा सञ्चालित प्रारम्भिक बालविकास शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरुपता ल्याई गुणात्मक तथा स्तरीय शैक्षिक सुधार गर्ने उद्देश्यले पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरी गाउँ कार्यपालिका बाट स्वीकृत भई यो कार्यविध लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम प्रारम्भिक बालविकास शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिका बाट स्वीकृत भएको मिति देखी तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यपालिका” भन्नाले पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ख) “गाउँ पालिका” भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिका लाई सम्झनु पर्छ।

(ग) “गाउँ शिक्षा समिति” भन्नाले यस पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक क्षेत्रलाई व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गठित गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ।

(घ) “अध्यक्ष” भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको अध्यक्ष पदमा बहालवाला व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) “शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक प्रशासन शाखालाई सम्झनु पर्छ।

(छ) “ शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख ” भन्नाले पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक प्रशासन शाखाको शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ।

(ज) “प्रारम्भिक बालविकास शिक्षा केन्द्र” भन्नाले चारवर्ष उमेर पूरा गरेका बालबालिकालाई एकवर्षको शिक्षा दिने प्रयोजनका लागि स्थापित विद्यालयमा सञ्चालित वा समुदायमा सञ्चालित केन्द्रलाई सम्झनु पर्छ।

(झ) “शिशु विकास केन्द्र” भन्नाले कम्तिमा दुई वर्ष उमेर पूरा भई चार वर्ष उमेर पूरा नगरेका बालवालिकाको शारीरिक, मानसिक, भाषिक, सामाजिक र संवेगात्मक विकासका लागि सञ्चालित केन्द्रलाई सम्झनु पर्छ।

(ञ) “केन्द्र” भन्नाले नेपाल सरकार वा स्थानीय सरकार बाट गाउँपालिका भित्र अनुमति प्राप्त गरी सञ्चालित प्रारम्भिक बाल विकास शिक्षा केन्द्र वा शिशु विकास केन्द्र वा दुबैलाई सम्झनु पर्छ।

३. बालविकास केन्द्र स्थापनाः (१) कुनै व्यक्ति, समुदाय वा संस्थाले बालविकास केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालय र वडा शिक्षा समितिको सिफारिस सहित अनुसूची–१ बमोजिमको

ढाँचामा माघ १ गतेदेखि फागुन मसान्तभित्रमा आवश्यक प्रक्रिया पुरा गरी पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा

निवेदक व्यक्ति, समुदाय वा संस्थालाई बालविकास केन्द्र स्थापना गर्न गाउँपालिकाले तोकेका मापदण्ड तथा अन्य प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची–२ बमोजिमको ढाँचामा चैत्र १५ गतेभित्र गाउँ शिक्षा

समितिको निर्णायानुसार प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखा प्रमुखले अनुमति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त बालविकास केन्द्रले यस कार्यविधिमा तोकिएका आधारहरु वमोजिम संस्था सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत पनि शिक्षा गाउँ शिक्षा समितिको निर्णयबाट रद्द गर्न सकिनेछ।

(४) बालविकास केन्द्र सञ्चालनका लागि निवेदकले आफ्नो निवेदनमा देहायका कुराहरु खुलाएको हुनुपर्नेछः

(क) आफूले बालवालिकालाई उपलव्ध गराउन प्रस्ताव गरेको सेवा सुविधाहरु।

(ख) आफूले संचालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालवालिकाहरुको उमेर समूह।

(ग) अभिभावकहरुसँगको छलफल बैठक तथा निजहरुको अपेक्षा सहितको निर्णय प्रतिलिपि।

(घ) भवनभित्र र भवन बाहिर बालवालिकाहरुलाई उपलव्ध गराईने सुविधा तथा सिकाइ प्रकृया।

(ङ) ध्वनी प्रदुषण, छिमेकीहरुबाट हुन सक्ने प्रदुषण तथा अवरोध, फोहोरमैला व्यवस्थापन, ढल निकास प्रवन्ध आदि बारे व्यवस्थापकीय योजना र त्यसबाट प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता।

(च) वडा पालिका र वडा शिक्षा समितिको बालविकास केन्द्र सञ्चालन आवश्यकता खुलाएको सिफरीस तथा बैठक निर्णय प्रतिलिपि।

४. बालविकास केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधारहरुः (१) केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछः

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन र खेल मैदान,

(ख) विद्यार्थी संख्याको आधारमा खेल सामाग्री,

(ग) बाल उद्यान,

(घ) सफा र स्वच्छ पिउने पानी,

(ङ) खाजा खुवाउने व्यवस्था सहितको भान्छा घर,

(च) श्रव्य–दृष्य तथा अन्य सिकाइ सामाग्रीको पर्याप्तता,

(छ) सुरक्षाको उचित प्रबन्ध,

(ज) बालमैत्री धारा तथा शौचालय,

(झ) बालविकास केन्द्र वा शिशु विकास केन्द्रमा कम्तिमा १० जना उमेर अनुसारका बालवालिका।

(२) बालविकास वा शिशु विकास केन्द्र सञ्चालनका लागि घर वा जग्गा लिजमा लिएको भए कम्तीमा ५ वर्षका लागि भएको सम्झौतापत्र र सञ्चालककै घरमा संचालन गरेको भए जग्गाको जग्गा धनीपूर्जा समेत निवदेनसाथ संलग्न हुनुपर्नेछ।

(३) यस कार्यविधि बमोजिमको प्रारम्भिक बालविकास शिक्षा केन्द्र र शिशु शिक्षा केन्द्र चलाउन अलग अलग अनुमति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस कार्यविधिमा तोकिएका आधारहरु वमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत गाउँ शिक्षा समितिबाट रद्द गर्न सकिनेछ।

५. आवश्यक जनशक्तिः (१) केन्द्र स्थापना गर्नको लागि देहायका जनशक्ति व्यवस्था गरेको हुनु पर्नेछः

(क) प्रति कक्षा कम्तीमा एकजना तालिम प्राप्त बालविकास शिक्षक,

(ख) शिशु विकासको लागि शिशुहरुकझ हेरचाह गर्न आवश्यक सुसारेहरु,

(ग) शिशु विकास केन्द्रको लागि प्रति १० जना वालबालिकाको स्याहार सुधार गर्न एकजना सुसारे वा हेरालु,

(घ) आवश्यकताअनुसार अन्य कर्मचारी।

६. स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेः केन्द्रमा पाठ्यक्रम बालविकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र एवम् गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक वा अन्य शैक्षिक सामग्री प्रयोग गर्नु पर्नेछ।

७. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेः प्रारम्भिक बालविकास शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवम् गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ।

८. पारिश्रमिक सम्बन्धी व्यवस्थाः केन्द्रमा कार्यरत शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी त्रैमासिक रुपमा भुक्तानी गर्नुपर्नेछ । साथैं विद्यालयमा सञ्चालित बालविकास शिक्षकको सङ्घीय सरकारको अनुदान बाट पारीश्रमिक अनुदानमा रु. ७,०००। (अक्षररेपी सात हजार मात्र) र समुदायमा सञ्चालित बालविकास शिक्षकको गाउँपालिका सरकार अनुदान बाट पारीश्रमिक पाउने गरी रु. १७,०००। (अक्षररेपी सत्र हजार मात्र) पारीश्रमिक उपलब्ध गराईनेछ।

९. नियुक्तिपत्र दिनुपर्नेः स्थानीय तहको मातहतमा वा स्थानीय तहले सञ्चालन गरेको बालविकास केन्द्र भए स्थानीय तह वा विद्यालय व्यवस्थापन समिति र व्यक्ति वा संस्थाले सञ्चालन गरेको केन्द्र भए सम्बन्धित व्यक्ति वा संस्थाले शिक्षक वा कर्मचारी व्यवस्थापन गरी अनिवार्य रुपमा नियुक्तिपत्र दिएर मात्र काममा लगाउनुपर्नेछ।

(२) नियुक्ति पत्रमा शिक्षक वा कर्मचारीले पाउने सेवा सुविधा तथा करार सम्झौता मिति स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

१०. केन्द्रको सञ्चालन तथा व्यवस्थापन समितिः (१) केन्द्रको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्न देहायबमोजिमको एक ७ सदस्यीय बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(क) स्थानीय तहबाट सञ्चालित भएमा अभिभावकको आम भेलाबाट छनौट अभिभावक र आफ्नै स्रोत बाट सञ्चालित भएमा लगानीकर्तामध्येबाट केन्द्रको सिफारिसमा गाउँपालिकाबाट मनोनित व्यक्ति - अध्यक्ष

(ख) सम्वन्धित वडापालिका अध्यक्ष वा वडा पालिकाबाट मनोनित व्यक्ति - सदस्य

(ग) अभिभावकहरु मध्येबाट व्यवस्थापन समितिद्वारा मनोनित एकजना महिला सहित दुई जना – सदस्य

(घ) वडा शिक्षा समितिबाट शिक्षा प्रेमि वा बुद्धीजिवी वर्ग बाट १ जना महिला सहित दुई जना – सदस्य

(ग) बालविकास केन्द्र वा शिशु विकास केन्द्रको शिक्षक वा सहजकर्ता - सदस्य सचिव

(२) केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा आवश्यक स्रोत जुटाउने, भौतिक पूर्वाधार तयार गर्ने लगायतको अन्य जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ। साथै केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको पदावधि ३ वर्षको हुनेछ।

(३) सञ्चालन तथा व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नु पर्नेछ। आवश्यकताको आधारमा जुनसकै बेला पनि बस्न सिकनेछ।

(४) सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा गाउँपालिकाको सम्बन्धित शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखलाई पर्यवेक्षकका रुपमा अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ।

११. धरौटी राख्नु पर्नेः (१) स्थानीय तहले जिम्मेवारी बहन गर्ने गरी केन्द्र खोल्न अनुमति लिँदा सञ्चालनको सुरक्षण बापत कुनै पनि रकम धरौटि जम्मा गर्नुपर्नेछैन तर व्यक्ति वा कुनै संस्थाले अनुमति लिई केन्द्र सञ्चालन गर्न चाहेमा देहायबमोजिमको रकम धरौटीको रूपमा मुद्धती खातामा राख्नु पर्नेछः

(क) प्रारम्भिक बालविकास शिक्षा केन्द्रको लागि पचास हजार रूपैयाँ,

(ख) शिशु विकास केन्द्रको लागि पच्चिस हजार रूपैयाँ,

(२) मुद्धती खाताको सञ्चालन शिक्षा अधिकृत वा शिक्षा शाखमा कार्यरत कर्मचारी र केन्द्रको प्रतिनिधिको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ।

(३) मुद्धती खाताको व्याज रकम केन्द्रले खर्च गर्न पाउनेछ।

१२. दर्ता शुल्कः केन्द्र दर्ता गर्दा देहायबमोजिमको शुल्क लाग्नेछ।

(क) निवेदन शुल्क रु. एकहजार मात्र।

(ख) अनुमति शुल्क रु. दुई हजार मात्र।

१३. शुल्क सम्बन्धी व्यवस्थाः (१) स्थानीय तहको मातहतमा सञ्चालित बालविकास केन्द्रले कुनै पनि शुल्क लिन पाईनेछैन साथै व्यक्ति वा संस्थाले सञ्चालन गरेको केन्द्रले शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अघावै शुल्क प्रस्ताव गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ।

(२) केन्द्रले गाउँपालिकाले तोकेवमोजिमको शुल्क लिनुपर्नेछ।

(३) केन्द्रले मासिक तथा वार्षिक रुपमा लिने शुल्क वृद्धि भएपछि दुई वर्षसम्म शुल्क वृद्धि गर्न पाइने छैन।

१४. विशेष व्यवस्थाः (१) यो कार्यविधि लागू हुनुपूर्व  व्यवसाय नाफामुखि रुपमा नलगि सेवामुखि रुपमा दर्ता गरी सञ्चालित बालविकास केन्द्र वा मन्टेश्वरी शिशु विकास केन्द्रले यो कार्यविधि लागू भएको तीन महिनाभित्र शैक्षिक संस्थाको रुपमा अनुमतिका लागि गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा गाउँपालिका वा गाउँ शिक्षा समितिले आवश्यक छानविन गरी यो कार्यविधि जारी भएको तीन महिनाभित्र प्रारम्भिक बालविकास शिक्षा केन्द्र वा शिशु विकास केन्द्रमध्ये उपयुक्तताका आधारमा कुनै एकको लागि अनुमति दिनसक्नेछ।

(३) उपदफा (१) वमोजिम अनुमतिका लागि निवेदन नदिएमा वा उपदफा (२) वमोजिम अनुमति प्राप्त नगरेमा त्यस्ता केन्द्रहरु यो कार्यविधि लागू भएको तीन महिनापछि स्वतः खारेज हुनेछन्।

१५. प्रमाणपत्र जारी गर्न नपाउनेः शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका वालवालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधि धारणका औपचारिक कार्यक्रम गर्न पाउने छैन।

१६. सवारी साधनको प्रयोग गर्न नपाउनेः (१) केन्द्रले बालवालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन र लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैनन्।

(२) उपदफा (१) वमोजिम बालवालिकालाई ल्याउन तथा लैजान सवारी साधन आवश्यक भएमा सवारी साधनको विवरणसहित गाउँपालिकाको अनुमति लिनुपर्नेछ। अनुमती माग गर्दा चारपांग्रे सवारी साधनका लागि मात्र अनुमति माग गर्न पाइनेछ।

(३) गाउँपालिकाले अनुमति दिंदा सवारी साधन बालमैत्री भए नभएको यकिन गरेर मात्र अनुमति दिनेछ।

(४) उपदफा (२) वमोजिम अनुमतिका लागि निवेदन पेस गर्दा सवारी साधन प्रयोग गर्ने बालवालिकाका अभिभावकको मञ्जुरी समेत निवेदन साथै पेस गर्नुपर्नेछ।

१७. प्रगति विवरण पेस गर्नुपर्नेः (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निम्नलिखित कागजात सहित वार्षिक प्रगति विवरण शिक्षा शाखामा पेस गर्नुपर्नेछ।

क) लेखापरीक्षण प्रतिवेदन

ख) व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि

ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ) विद्यार्थी विवरण

ङ) बालवालिकाहरुको उपलब्धि प्रगति प्रतिवेदन

१८. जरिवानाः (१) यो कार्यविधि वमोजिम अनुमति नलिई केन्द्र सञ्चालन गरेमा दसहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना गरिनेछ।

(२) केन्द्रले गाउँपालिकाले तोकेको भन्दा बढी शुल्क लिएमा पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवान गरिनेछ।

१९. पुनरावलोकनः (१) कुनै संस्थालाई दफा १८ वमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा गाउँपालिका समक्ष पुनरावलोकन गर्न सकिनेछ।

(२) उपदफा (१) वमोजिम परेको पुनरावलोकन उपर गाउँपालिकाले आवश्यक छानविन गर्नेछ।

२०. लेखापरीक्षणः (१) शिशु विकास केन्द्र र प्रारम्भिक बालविकास शिक्षा केन्द्रले प्रचलित कानुनवमोजिम आय – व्ययको लेखापरीक्षण मान्यता प्राप्त लेखापरीक्षण बाट लेखा गरी प्रतिवेदन शिक्षा शाखामा एक प्रति पेस गर्ने र विद्यालयमा एक प्रति राख्नुपर्नेछ।

(२) शिशु विकास केन्द्र र प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानुनवमोजिम सूचीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ।

२१. केन्द्रको नामाकरण – प्रारम्भिक बालविकास केन्द्र तथा शिशु विकास केन्द्रको नामाकरण गर्दा राष्ट्रिय महत्त्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तित्वको नाम, शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको शिक्षाप्रेमी तथा सञ्चालक संस्था आदिको नामबाट सञ्चालन गर्ने गरी नामाकरण गर्नु पर्नेछ। केन्द्र दर्ता भई सकेको नाममा अर्को केन्द्र दर्ता हुन सक्नेछैन।

२२. बालविकास केन्द्र खुल्ने र बन्द हुने समय – सार्वजनिक विदा र शनिबार बाहेक विद्यालयमा सञ्चालित र समुदायमा सञ्चालित बालविकास केन्द्र शिक्षकको हदमा बिहान १० बजे देखि दिउसो ३ बजे सम्म कायम हुनेछ।

२३. केन्द्रको न्यूनतम मापदण्ड – दफा ४ को अतिरिक्ति केन्द्रको न्यूनतम मापदण्ड देहायबमोजिम हुनुपर्नेछः

(क) केन्द्र बालवालिकाको घरबाट २०–२५ मिनेटको पहँचमा हुनुपर्नेछ।

(ख) कम्तीमा प्रति बालबालिकाको लागि २.०० वर्गमिटर क्षेत्रफलको कोठा र ७ फिट उचाई,

उज्यालो प्रकाश भएको र ढोका भएको ताला लगाउन मिल्ने कोठा हुनुपर्नेछ।

(ग) कोठा बालवालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ साथै केन्द्र सञ्चालन गर्ने भवनको चारैतर्फ खुला र अन्य घर नजोडिएको शान्त, उज्यालो तथा दोहोरो हावा बहन गर्न सक्ने हुनु पर्नेछ। झ्यालमा ग्रिल राखेको हुनुपर्नेछ।

(घ) कोठाको क्षेत्रफल बालवालिकाको लागि स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुका साथै भवनमा पर्याप्त पार्किङ सुविधा, स्थानीय मानिसहरुका लागि सहज तरिकाले आवत जावत गर्न मार्ग भएको हुनु पर्नेछ। प्रत्येक कक्षा कोठामा कम्तिमा ५ जनाको ५ वटा सानो सानो समूह र २० देखि २५ जना बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न, नाच्न, घेरामा वसेर छलफल गर्न उपयुक्त ठाउँ रहेको हुनु पर्नेछ। कोठा सफा, सुरक्षित, आकर्षक र सजिलै हिंडडुल गर्न सकिने हुनुपर्नेछ। साथै केन्द्र भवन आसपासमा पेट्रोल पम्प, मुख्य सडक, बसपार्क, खुलामञ्च, वाचनालय, कलकारखाना तथा ट्राफिक जोखिम नभएको स्थलमा हुनुपर्नेछ।

(ङ) केन्द्र परिसर खुला इनार, पोखरी, भिर, खोला, फोहोर संकलन केन्द्र, बसपार्क, ध्वनी प्रदुषक उद्योग धन्दा, हुनका साथै भवनमा अग्नी नियन्त्रक उपकरण समेत हुनुपर्नेछ।

(च) कक्षाकोठा भुँइतलामा सञ्चालन भएको हुनुपर्नेछ।

(छ) भवनले ओगटेको जमिनको भागको कम्तिमा दुई तिहाइ खालि जमिन खेलमैदानको रुपमा

हुनुपर्नेछ।

(ज) बालवालिकाको उमेर सुहाउँदो शौचालय हुनु पर्नेछ। शौचालय बालवालिकाको संख्या अनुसार पर्याप्त हुनु पर्नेछ। साथै शौचालयमा अनिवार्यतः साबुन, रुमाल, पानी, ट्वाइलेट पेपर, नियमित सफा सुग्घर गर्ने सरसामानहरु तथा नियमित सरसफाई गर्ने प्रबन्ध हुनुपर्नेछ।

(झ) प्रत्येक कक्षा कोठामा उपयुक्त शैक्षिक सामाग्री, सिकाई सामग्री, पाठ्यपुस्तक (चित्र अंकित कम्तिमा ५० पुस्तक सहित अन्य पुस्तकहरु), बालवालिकाको व्यक्तिगत सामान छुट्टा छुट्टै राख्ने गरी दराज वा र्याकको प्रवन्ध गरेको हुनुपर्नेछ।

(ञ) बालवालिकाले तयार पारेका क्रियाकलापहरु सबैले देख्ने गरी बालवालिकाको आँखाको लेवलमा भित्तामा टाँस्नु पर्नेछ। पाटीको साईज तथा झुण्ड्याइने स्थान बालवालिकाको सहज पहुँचमा हुनुपर्नेछ।

(ट) बालवालिकाको लागि आवश्यक खेल सामाग्री कक्षामा नै हुनुपर्नेछ।

(ठ) बालवालिकालाई भूँइको चिसो र फोहोरले असर नपर्ने गरी बसाईको लागि गुन्द्री, नरम, चकटी, फल्याक र कार्पेटको व्यवस्था गरिएको हुनुपर्नेछ।

(ड) कार्यालय कोठा, कपडा फेर्ने कोठा, विरामी आराम कक्ष, प्राथमिक उपचार कक्ष, भाँडा माझ्ने, दिवा खाजा पकाउने जस्ता भौतिक संरचनाहरु भवन भित्र अलग्गै हुनु पर्नेछ। हातहतियार, औषधी, किटनाशक औषधीहरु तथा बालवालिकाको लागि हानिकारक हुने संरचनाहरु उनिहरुको पहुँचमा नहुने गरी राख्नु पर्नेछ।

(ढ) बालवालिकाहरु एक अर्कासम्म सहजै पुग्न मिल्ने र हिंडडुल गर्न मिल्ने गरी बस्ने, खेल्ने, सुत्ने व्यवस्था गरिएको हुनुपर्नेछ।

(ण) सिकाइको माध्यम अभिनय, खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप, स्वावलम्वन सिकाइ, विज्ञान सिकाई, तथा अभ्यासजनक आवश्यक सिकाई सामग्रीहरुको कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ।

(त) प्रत्येक बालवालिकाको लागि पुग्दो सफा र शुद्ध सुरक्षित पिउने पानी, सरसफाइको लागि पर्याप्त पानी, प्राथमिक उपचारको लागि आवश्यक औषधिहरु, स्वास्थ्य चौकीबाट उपलव्ध गराईने नियमित स्वास्थ्य सेवा सुनिश्चित गरिनु पर्दछ। खाजा तथा खाना उपलव्ध गराउने बार अनुसारको स्थानीय स्तरमा उत्पादक स्वस्थ तथा स्वास्थ्यवर्धक खाना खाजाको विवरण (उमेर अनुसार) यकिन गरी अभिभावक समेतलाई उपलव्ध गराउनुपर्नेछ। समय समयमा खानाको गुणस्तर परीक्षण गराउनु पर्नेछ।

(थ) बालवालिकालाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी गराउन वास्तविकता झल्काउने खालका पूतली, व्लक, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, केन्द्र, टाँक, तुना, चेन, तराजु, स्केल, माटो, वालुवा, काठका टुक्रा, कागजातका टुक्रा, फूल, भाँडा वर्तन, लुगाफाटा, बाजागाजा, सागसब्जी, फलफूल, माछा, भान्छाका सामानहरु, रबर बल, बाँसका टुक्राहरु, मकैको खोस्टाहरु, विभिन्न किसिमका बियाँहरु, नरिवलको खपडा, लप्सीका विया तथा तौल र उचाई नाप्ने यन्त्र आदि खेलौनाहरुको नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(द) भर्ना पुस्तिका, दैनिक हाजिर पुस्तिका (कर्मचारी र वालवालिकाको लागि), बैठक पुस्तिका, स्वास्थ्य पुस्तिका, प्रत्येक बालवालिकाको लागि र शिक्षक तथा कर्मचारीहरुको लागि १/१ वटा व्यक्तिगत फाइल तथा पूर्व लेखन अभ्यास पुस्तिका हुनु पर्नेछ। अभिभावकहरुको लागि आगमन तथा सुझाव पुस्तिका, विशेष घटना रेकर्ड पुस्तिका, बालवालिकाको उचाई तथा तौल नापजाँच पुस्तिका तथा अभिभावक सम्पर्क विवरण पुस्तिका अलग अलगै रहनुपर्नेछ।

(ध) विद्यार्थी रेकर्ड, आम्दानी खर्च रेकर्ड, विद्यार्थी प्रगति अभिलेख तथा अन्य रेकर्डहरु व्यवस्थित रुपमा राख्ने प्रवन्ध गरिनुपर्नेछ।

(न) प्रत्येक बालवालिकालाई समान रुपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालवालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले नम्र व्यवहार गर्ने रुचि भएका,

बालवालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्ने बाल सक्रियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचि राख्ने, सिकाइ सामाग्रीहरुको उचित प्रयोग गर्न सक्ने सीपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्न जान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालवालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको बान्छनीय योग्यता मानिनेछ।

(प) केन्द्रको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रमाणीत गराई राख्ने प्रवन्ध हुनुपर्नेछ।

(फ) फोहोरमैला तथा ढल व्यवस्थापनको तरिका फोहोरमैला व्यवस्थापन ऐन तथा नियम तथा पुथा उत्तरगङ्गा गाउँपालिकाले तोकेबमोजिमको हुनेछ । केन्द्र परिसर विपद पर्दाको बखत समेत सुरक्षित हुने तरिकाले प्रवन्धित हुनुपर्नेछ।

(ब) केन्द्र भवन हातावरीपरि घेरावार गरेको हुनुपर्नेछ।

२४. अनिवार्यत  दैनिक गर्नुपर्ने न्यूनतम क्रियाकलाप केन्द्रले प्रत्येक दिन कम्तीमा निम्नलिखित क्रियाकलापहरु अनिवार्य गर्नु पर्नेछः

(क) बालवालिकालाई न्यानो स्वागत (ख) सरसफाई अवलोकन तथा सरसफाई (ग) व्यायाम (घ) प्रार्थना (ङ) दिसा पिसाव गराउने (च) घेरा समय (छ) हाजिरी (ज) गीत, कथा, अभिनय, सृजनात्मक चाल, बालवालिकाहरुको मौलिक क्रियाकलाप (झ) पुनरावलोकन ठूलो समूहमा छलफल (ञ) पूर्व साक्षरता पूर्व लेखन क्रियाकलाप (ट) सामूहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्वन सीप विकास खेल, बाहिरी खेल, (ठ) खाजा तथा खाना समय (ड) पुस्तक तथा पाठ्यसामाग्रीको प्रयोग, (ढ) आराम कक्ष (ण) मातापिता र गुरुप्रति आभारी हुने सिकाइ (त) विदाइ गीत लगायत ।

२५. नक्सांकनका आधारमा मात्र केन्द्र खोल्न सकिनेः गाउँ पालिकाभित्र खुलेका र भविष्यमा खुल्ने शिशु विकास केन्द्र तथा प्रारम्भिक बालविकास शिक्षा केन्द्रलाई नक्सांकनका आधारमा पुर्नवितरण गर्दा वा नयाँ खोल्दा नक्सांकनभित्र पर्नुपर्ने व्यवस्थालाइ अनिवार्य गरिनेछ।

२६. यस कार्यविधि वमोजिम हुनेः यस कार्यविधिमा उल्लिखित कुराहरु यसै वमोजिम र अन्य कुराहरु प्रचलित नेपाल सरकार कानुन वमोजिम र सङ्घीय शिक्षा ऐन तथा नियमावली अनुसरा हुनेछ।

अनुसूची– १

प्रारम्भिक बाल शिक्षा केन्द्र वा शिशु विकास केन्द्र सञ्चालनका लागि दिइने निवेदनको ढाँचा

श्री.........................

..............................

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ।

शैक्षिक सत्र................देखि प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति...................को निर्णयानुसार साथै वडा शिक्षा समितिको बैठक निर्णय तथा सिफारीस सहित देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु / छौं।

(क) प्रस्तावित केन्द्रकोः

(१) नामः

(२) ठेगानाः .................................... गाउँपालिका वडा नं. ............ गाउँ वा टोल....................

फोन नं............................................

(३) सेवा पुर्याउने बालबालिकाको सङ्ख्या ……………..

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने केन्द्रको –

(१) नामः–

(२) ठेगानाः–

(३) फोन नंः

(ग) प्रस्तावित केन्द्रको भौतिक पूर्वाधारहरु

(१) भवनः

(अ) कोठा

(आ) कच्ची वा पक्की

(इ) के ले बनेको

(ई) भाडा वा आफ्नै सार्वजनिकमा रहेको

(२) फर्निचरको विवरणः

(अ) मेचः (आ) टेवुलः (इ) वेञ्चरडेस्कः

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै, भाडामा वा सार्वजनिकः (इ) अन्यः

(४) शौचालयको अवस्थाः

(अ) सङ्ख्याः (आ) कच्ची वा पक्कीः इ) पानीको व्यवस्था भए नभएकोः

(५) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त वा अपर्याप्तः

(६) पाठ्यसामग्रीको नाम र सङ्ख्याः

(अ)

(आ)

(इ)

(७) आर्थिक विवरणः

(अ) अचल सम्पत्तीः (आ) चल सम्पत्तीः

(इ) अन्यः

(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदकको नामः हस्ताक्षरः

संस्थाको छापः

ठेगानाः मितिः

अन्य संलग्न कागजातः

(१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निर्णय।

(४) कुनै केन्द्र सँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस।

(५) वडा शिक्षा समितिको निर्णय तथा सिफारीस

अनुसूची–२

प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्न दिइने अनुमतिको ढाँचा

श्री........................................

..............................................

विषयः प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति सम्बन्धमा।

तपाईले त्यस संस्थाले प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस पुथा उत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तकसेरा रुकुम (पूर्वी भाग)मा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावाली तथा यस गाउँपालिकाको बालविकास केन्द्र र शिशु विकास केन्द्र सञ्चालन व्यवस्थापन कार्यविधि २०८० समेतको पूर्वाधार पूरा गरेको र यस गाउँ कार्यपालिकाको नक्साङ्कनमा परेकोले गाउँशिक्षा समितिको मिति ………….. बैठक सङ्ख्या ……. को निर्णयानुसार शैक्षिकसत्र.................देखि प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र सञ्चालन गर्न यो अनुमति प्रदान गरिएको छ।

यस गाउँपालिकाको मातहत तथा बालविकास केन्द्र र शिशु विकास केन्द्र सञ्चालन व्यवस्थापन कार्यविधि २०८० को नियमन भित्र रहि बालविकास वा शिशु विकास केन्द्र सञ्चालन गर्नुहोला !

अनुमति प्रदान गर्ने व्यक्तिको नामः

पदः

कार्यालयको छाप सहीः

मितिः